# साझेदारीमा बाच्छी संरक्षण तथा स्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन

# कार्यविधि, २०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०५/१९)

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल।

# साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावनाः** उन्नत नश्लका दुधालु गाईको भरपर्दो श्रोतको आभावलाई दृष्टिगत दूध, दुग्धजन्य पदार्थको माग र आपूर्तिमा भएको असन्तुलनलाई व्यवस्थित ढङ्गबाट संम्बोधन गर्न बाच्छीको थप संरक्षण गरी श्रोत केन्द्र स्थापनालाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी ढंगबाट सञ्चालन गर्न प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६, को दफा (४) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले **"साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"आवेदक"** भन्नाले दुग्ध उत्पादक सहकारी संस्था/ संघ सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।

(ङ) **"साझेदार संस्था"** भन्नाले लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न ईच्छुक दुग्ध उत्पादक सहकारी संस्था/ दुग्ध सहकारी संघ सम्झनु पर्छ ।

(च) **"संघ"** भन्नाले दुग्ध सहकारी संघ सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उन्नत नश्लका प्रजनन् योग्य एवं उत्पादनशिल गाईको संरक्षण गरी उपलब्धता बृद्धि गर्ने।

(ख) दूध उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउने।

(ग) गाईपालन व्यवसायको व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन हुनेछः-

| | |
|---|---|
| निर्देशक वा निर्देशकले तोकेको अधिकृत, प्रदेश दुग्ध विकास बोर्ड | संयोजक |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, भू. व्य. कृ. स. मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, प्रशासन शाखा, प्रदेश दुग्ध विकास बोर्ड | सदस्य |
| प्रमुख, खरिद एकाई, प्रदेश दुग्ध विकास बोर्ड | सदस्य सचिव |

**नोटः** आवश्यकता अनुसार बैठकमा दुई जना विषय विज्ञ आमन्त्रित गर्न सक्नेछ। आवश्यकता परेमा मूल्याङ्कनका आधारहरु तयार पारी प्रस्ताव मूल्याङ्कन गर्ने सक्नेछ।

५. **बाच्छी श्रोत केन्द्र संञ्चालक समितिः**

१) बाच्छी श्रोत केन्द्र संञ्चालन हुने जिल्लाको स्थानिय तहमा कार्यक्रम संञ्चालन, अनुगमन, समन्वय, सुझाव, सहयोग, नियन्त्रण र अनुदान रकम परिचालन गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| (क) साझेदार संस्थाको अध्यक्ष वा निजले तोकेको व्यक्ति | - संयोजक |
| (ख) साझेदार संस्थाले तोकेको सहकारीमा आवद्ध व्यवसायिक कृषक (दुई जना मध्ये एक जना महिला) | - सदस्य |
| (ग) सम्बन्धीत स्थानीय तहको पशु सेवा प्राविधिक | - सदस्य |
| (घ) सम्बन्धित साझेदार संस्थाको प्राविधिक | - सदस्य सचिव |

२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्झौता अनुसार श्रोत केन्द्र स्थापना गरी कार्यक्रम संञ्चालन गर्ने गराउने।

(ख) स्थानिय तहसंग समन्वय गरी बाच्छी श्रोत केन्द्र विकासको लागि आर्थिक सहयोग जुटाउने।

(ग) श्रोत केन्द्रमा रहेको बाच्छी विमा गर्ने/गराउने।

(घ) आवश्यकता अनुसारका अभिलेख गर्ने/गराउने।

(ङ) श्रोत केन्द्रमा भएको राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्ने,व्यवस्था गर्ने/ गराउने।

(च) आवश्यकता अनुसार प्राविधिक सहजकर्ता नियुक्ति गर्ने र निजलाई सेवा वापतको पारिश्रमिक तोक्ने।

(छ) आफ्नो श्रोत केन्द्रमा रहेको समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।

(ज) व्यवसायिक रुपमा श्रोत केन्द्र कार्यक्रम संञ्चालन, विकास र विस्तार गर्न आसपासका अन्य व्यवसायिक कृषक समुह/ समिति, सहकारी, फर्म, कम्पनि निजी उद्यमिहरुलाई समेत कार्यक्रममा संलग्न गराउदै लैजाने।

(झ) प्रदेश दुग्ध विकास बोर्डसँग समन्वयन/ सम्पर्कमा रही कार्य गर्ने।

६. <u>अनुगमन तथा मुल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश दुग्ध विकास बोर्ड र मन्त्रालयले गर्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

७. <u>कार्यक्रम सञ्चालनः</u> (१) यस कार्यक्रम मकवानपुर जिल्लाको मकवानपुरगढी गाँउपालिकामा र चितवन जिल्लाको राप्ति नगरपालिकामा लागू हुनेछ। आवश्यकता र औचित्यको आधारमा आगामि आ.व.मा अन्य जिल्लामा विस्तार गरिनेछ।

| क्र स. | कार्यक्रम विवरण | कार्यक्रम संचालन हुने जिल्ला | इकाई | अनुदान | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाच्छी श्रोत केन्द्र | मकवानपुर जिल्लाको मकवानपुर गढि गाँउपालिका र चितवन जिल्लाको राप्ति नगरपालिका | २ | ५० प्रतिशत साझेदारी (अधिकतम रु.पच्चिस लाख) | गोठ निर्माण, बाच्छी खरीद, जैविक सुरक्षा, घाँसको व्यवस्थापन, विमा | प्रदेश दुग्ध विकास बोर्डबाट लागत इष्टिमेट स्वीकृत गराउनु पर्नेछ। |

(२) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिजेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

८. <u>प्रस्ताव आह्वानः</u> बोर्डले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ ।माग अनुसारको प्रस्ताव नपरेमा बोर्डले पुनः प्रस्ताव आव्हान गर्ने सक्नेछ ।

९. <u>प्रस्ताव दर्ताः</u> आवेदकहरुले अनुसूचि -२ बमोजिमको आवेदन पत्र, अनुसूचि -३ बमोजिमको प्रस्तावित कार्ययोजना, अनुसूचि -४ बमोजिम सिफारिस पत्र, अनुसूचि -५ बमोजिमको प्रतिबद्धता पत्र र सूचनामा माग गरिएका कागजातहरु बोर्ड वा बोर्डले तोकेको कार्यालयमा दर्ता गर्नु पर्नेछ। प्रस्ताव E-mail मार्फत पनि दर्ता गर्न सकिनेछ। साथै प्रस्ताव E-mail मार्फत दर्ता गर्दा आवेदकले आवश्यक कागजातहरु प्रमाणित गरि फार्मको छाप समेत लगाई पेश गर्नु पर्नेछ।

१०. <u>आवेदकको छनौटः</u> दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरु तयार पारी साझेदार संस्थाको छनौट गर्नेछ ।

११. <u>आवेदकलाई जानकारीः</u> छनौट भएको आवेदकलाई बोर्डले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनेछ ।

१२. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र अनुसूचि -६ बमोजिम बोर्डले सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश प्राथमिकतामा रहेका साझेदार संस्थासंग सम्झौता गर्न सकिनेछ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१३. आवेदक संस्थाको कार्ययोजनाको आधार र बाच्छी श्रोत केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यक न्युनतम क्रियाकलापहरू समेटिने गरी अनुमानित लागत समेतको विवरण सम्झौतामा उल्लेख गरिने छ।

१४. साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/विजक, दाखिला रिपोर्ट, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात बोर्डले स्थलगत निरिक्षण गरी मनासिव देखेमा सम्पन्न भएको कामको दुई प्रतिशत बराबर रकम कन्टिन्जेन्सी कट्टा गरि भुक्तानी दिनेछ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१६. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## <u>विविध</u>

१७. <u>प्रगति प्रतिवेदनः</u> साझेदार संस्थाले चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन प्रदेश दुग्ध विकास बोर्डमा पठाउनु पर्नेछ ।

१८. <u>कारबाहीको व्यवस्था:</u> साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१९. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

२०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूचि-१

**(दफा ८ संग सम्बन्धित)**

**प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः**

प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** अनुसार बाच्छी श्रोत केन्द्र स्थापना गर्न मकवानपुर जिल्लाको मकवानपुर गढी गाउँपालिका र चितवन जिल्लाको राप्ती नगरपालिका सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र प्रदेश दुग्ध विकास बोर्ड वा बोर्डले तोकेको कार्यालय वा ईमेल मार्फत देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरुको विवरणः**

१. रु. १०।— को हुलाक टिकट टाँस गरेको निवेदन,
२. आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था नविकरणको प्रमाणको प्रतिलिपि,
४. साझेदारको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि,
५. साझेदार संस्थाको निर्णय प्रतिलिपि,
६. अनूसुचि ४ को ढाँचा बमोजिम स्थानिय तहको सिफारिस पत्र,
७. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
८. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
९. अनूसुचि ५ बमोजिमको सहकारी संस्थाको ५० % लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
१०. अनूसुचि २ बमोजिमको आवेदन पत्र र अनूसुचि ३ बमोजिमको प्रस्तावित कार्ययोजना।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौडा, नेपाल

अनुसूचि -२

(दफा ९ संग सम्बन्धित)

अनुदानमा साझेदारले प्रदेश दुग्ध विकास बोर्डमा पेश गर्ने

<u>आवेदन -पत्र</u>

मितिः

श्रीमान् निर्देशकज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
........................ ।

विषयः साझेदारीमा बाच्छी श्रोत केन्द्र स्थापना सम्बन्धमा ।

तहाँ प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेशबाट मिति..........गते...........राष्ट्रिय पत्रिकामा प्रकाशित सहकारी संस्था सँगको पचास प्रतिशत लागत साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई पेश गर्नुपर्ने कागजात यसैसाथ संलग्न गरी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

<u>आवेदक</u>

दस्तखतः
नामः
साझेदारको नामः
पदः
साझेदारको छापः

## अनुसूचि-[illegible]

(दफा ९ संग सम्बन्धित)

## प्रस्तावित कार्ययोजना

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नामः | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगानाः | |
| ३ | आवदेकको नामः | |
| ४ | ठेगानाः | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं /.मोवाइल नं : | |
| ६ | आवेदक संस्थाको दर्ता नम्बरः | |
| ७ | दर्ता भएको निकाय र दर्ता मितिः | |
| ८ | आवेदक संस्थाको दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा): | |
| ९ | स्थायी लेखा दर्ता नम्बरः | |
| १० | दूध संकलन परिमाण विवरण (लि. दैनिक) | |
| ११ | संकलन केन्द्र स्थापना गरिने स्थलको कूल क्षेत्रफलः | |
| १२ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १३ | आवेदकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १४ | प्रदेश दुग्ध विकास बोर्ड सगँ माग गरेको रकम रु. | |
| १५ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १६ | आर्थिक प्रस्ताव | |
| १७ | समय तालिका | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं कहि कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

जिम्मेवार पदाधिकारीकोः

नामः

ठेगानाः

संस्थाको नामः

संस्थानको छापः

अनुसूचि ४

(दफा ९ संग सम्बन्धित)

## स्थानीय तहको सिफारिस पत्र

प्रस्तुत विषयमा प्रदेश सरकार प्रदेश दुग्ध विकास बोर्डको मिति ............ मा प्रकाशित सूचना मुताविक महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका ...........नं वडा ........ गाउँ/टोल स्थाउ ठेगाना भएको श्री ..................ले लागत साझेदारीमा ...................कार्यक्रम सञ्चालन लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र हालसम्म कुनै अनुदान नलिएकाले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेः

नामः

दस्तखतः

मितिः

अनुसूची-५
(दफा ९ संग सम्बन्धित)
<u>लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र</u>

मितिः

विषयः लागत साझेदारी गर्ने प्रतिबद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति .......... गते ................ राष्ट्रिय पत्रिकामा .................. सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रस्ताव आव्हान गरिए अनुसार सहकारी संस्थाले तहाँ कार्यालयबाट प्राप्त गर्ने अनुदानमा नपुग रकम हाम्रो संस्थाकै श्रोतबाट व्यहोर्ने सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिबद्धता जाहेर गर्दछु/ गर्दछौं।

<u>आवेदक</u>
नामः
ठेगानाः
हस्ताक्षरः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

अनुसूची-६
(दफा १२ सँग सम्बन्धित)

## साझेदार संस्था र बोर्ड बीचको सम्झौता-पत्र

प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश, हेटौंडाको आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत साझेदारीमा बाच्छी श्रोत केन्द्र स्थापना सम्बन्धी मिति ... ... ... गतेको ... ... ... स्थानीय/ राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री .. .... ... ... को प्रस्ताव छनौट भएको हुँदा प्रदेश दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापनाका लागि द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

तपशिलः

(१) प्रथम पक्षले साझेदारीमा बाच्छी श्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रमको लागि कुल लागत अनुदान वापको रु मध्ये................................दुई प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी दोस्रो पक्षलाई अनुदान बापत रु.....................................................(अक्षरुपी रुपैंया ..................................................) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।

(३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावपत्र- अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(४) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(५) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाहसुझाव/ दिन सक्नेछ ।

(६) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(८) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगति प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(९) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१०) सम्झौतामा उल्लेख हुन छुटेका विषयहरु आपसी समझदारीमा उल्लेख गर्न सकिनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**<u>दोस्रो पक्षको तर्फबाटः</u>**

हस्ताक्षरः

नामः

पदः

संस्थाः

संस्थाको छापः

**<u>प्रथम पक्षको तर्फबाटः</u>**

हस्ताक्षरः

नामः

पदः

बोर्डः

बोर्डको छापः

<u>रोहवर</u>

हस्ताक्षरः

नामः

पदः

संस्थाः

संस्थाको छापः

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**इति सम्वत् ............... साल ................ महिना ......... गते रोज ........ शुभम् ।**

## अनुसूची-७

### अनुदानमा स्थापना हुने श्रोत केन्द्रमा राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा

प्रदेश सरकार
बागमती प्रदेश, हेटौंडा

कार्यक्रमको नामः..........................................................................................

कार्यक्रमको कुल लागतः..................................................................................

अनुदान प्राप्त रकमः.......................................................................................

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश दुग्ध विकास बोर्डबाट अनुदान प्राप्त
आ. व. ...............